स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता विराज भट्टले आफ्नो निर्देशन रहने आगामी फिल्म '१२ गाउँ'मा कलाकारको 'लाइनअप' बलियो बनाएका छन् । फिल्ममा उनी स्वयं मुख्य भूमिकामा प्रस्तुत हुँदैछन् भने आफ्नो छोरा समीर भट्टलाई अभिनेताको रुपमा डेब्यू गराउँदैछन् । फिल्मको मुख्य अभिनेत्रीमा सन् २०२२ की मिस नेपाल इन्टरनेशनल न्यान्सी खड्का देखिँदैछिन् । अब भिलेनमा कनिज कोइराला भित्रिएका छन् । कनिजले दक्षिण भारतीय 'साहो' र 'गोडाचरी' फिल्ममा भिलेन भएर काम गरिसकेका छन् ।

आजको विचार...



पासाङ शेर्पा

काँग्रेस...

(दुई पेजमा)



अभिनेत्री अनु शाह फिल्ममा नदेखिएको ५ वर्ष भइसकेको छ । उनको पछिल्लो फिल्म 'पसिना' सन् २०१९ मा रिलिज भएको थियो । यसपछि उनले फिल्ममा काम गरेकी थिइनन् । लगातार फिल्मको असफलताले पनि उनी हच्किएकी थिइन् । र, उनलाई फिल्म अफर पनि कम भएको देखिन्थ्यो । यद्यपि, यो बीचमा उनी अभिनेता सविन श्रेष्ठसँगको प्रेम सम्बन्धका कारण बढी चर्चामा थिइन् । अब भने अनुले फिल्म 'ईश्वर'बाट कमब्याक गरेकी छन् । यसमा उनको जोडी अभिनेता पृथ्वीराज प्रसाईंसँग बाँधिएको छ । पृथ्वीको पनि यो कमब्याक फिल्म हो ।

❒ वर्ष २९ ❒ अंक २१६ ❒ २०८० फागुन २१ गते सोमबार 4 March 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# वर्षाले कामकाजमा निस्केकाहरु सकसमा, किसान भने हर्षित

रामचन्द्र रायमाझी

**पाल्पा,** फागुन २०/यस वर्षको प्रिमनसुन अवधि सुरु भएपछि पहिलो पटक आइतबार विहानैदेखि पाल्पासहित देशका अधिकांस स्थानमा वर्षा भएको छ । पश्चिमी वायुको प्रभावका कारण देशभर बदली हुनुका साथै धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षाको भएको हो ।

बिहानैदेखि परेको वर्षाका कारण कामकाजमा हिँड्नुपर्नेहरु सकसमा परे । पैदल हिँड्नुपर्ने, साइकल तथा मोटरसाइकल चलाउनेहरु वर्षाका कारण प्रभावित भए । स्कुल, क्याम्पस जाने र फर्किने क्रममा कतिपय छात्रछात्राहरु पानीमा रुझ्दै र साथीको छातामा ओत लागेर हिँडिरहेका थिए । वर्षाले कामकाजमा निस्केकाहरुलाई सकस भए पनि पाल्पा र गुल्मीका किसानहरु भने हर्षित भएका छन् । हिउँदमा पानी नपर्दा चिन्तित बनेका यहाँका किसान हिउँद सकिनै लाग्दा परेको पानीले भने हर्षित भएका हुन् । यो समयमा परेको पानीले मकै छरेका र छर्ने तयारीमा रहेका किसानहरुलाई राहत मिलेको छ । खेतमा छरेका मकै र बारीमा छर्ने तयारी गरिरहेका किसानलाई ठूलो राहत पुगेको किसानहरु बताउँछन् । हिउँदे तरकारी र मकैलाई अहिलेको वर्षाले निकै फाइदा पुगेको छ । अहिले गुल्मी र पाल्पाका अधिकांस बारीमा गहुँ पाकेको छ भने केही ठाउँहरुमा गहुँ, स्याहारेर मकै छर्ने तयारीमा किसान छन् । 'बारीमा मकै छर्ने बेला भएको थियो, पानी नपर्दा छर्न पाएका थिएनौं, पानी परेकाले अब छर्ने तयारी गर्दछौं' रिब्दीकोट गाउँपालिकाकी शर्मिता थापाले भनिन् । हिउँदे वर्षाले सुख्खा रहेका खेतबारी अहिले चिस्यान भएको उनले बताइन् । थापाले बारीमा लगाएको तरकारीलाई अहिलेको वर्षाले राहत मिलेकोमा खुसी व्यक्त गरिन् । हिउँदमा लामो समयसम्म पानी नपर्दा खेतबारीमा लगाएका तरकारी समेत फस्टाउन पाएका थिएनन् अब फस्टाउनेमा उनी आशावादी छन् । उता गुल्मीका अधिकांश ठाउँमा मकै लगाउने समय भएकाले पानी परेपछि किसानले त्यसको तयारी गरेका छन् । 'हिउँदे वर्षा र हिमपात नहुँदा गहुँ, जौ लगायतका हिउँदेबाली, तरकारी र फलफूलहरू खेतवारीमा नै सुक्न लागेका थिए' इस्मा गाउँपालिका-२ रातडाँडाकी किसान कमला मल्लले भनिन्, 'यो हिउँद सकिन लाग्दा बल्ल पहिलोपटक पानी पऱ्यो, औधी खुसी छौं ।' अहिले बारीमा मकै छर्ने बेला भएकाले पानीले ठूलो राहत दिएको पनि उनले बताइन् । खेतमा मकै छरिसकेका किसान पनि हिउँदे वर्षा भएपछि बाली सप्रने भन्दै खुसी भएका छन् । यस वर्ष गत मंसिर १६ गतेदेखि फागुन १७ गतेसम्मको अवधि हिउँदको थियो । हिउँदले बिदा लिए पनि पश्चिमी वायुको प्रभाव अझै केही बाँकी नै रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । अहिले देशभर साधारणतया बदली रही कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशको केही स्थान र सुदूरपश्चिम प्रदेशको थोरै स्थानमा हल्का वर्षा भइरहेको छ । सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, वाग्मती प्रदेशसहित कोशी प्रदेशका पहाडी भूभागका केही स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षा र बाँकी भूभागका थोरै स्थानमा छिटफुटदेखि हल्का वर्षाको सम्भावना रहेको छ ।



## सक्षिप्त समाचार

### आक्रमणमा एक सय ७० जनाको मृत्यु



(रासस-सिन्ह्वा)

**उगादुगुउ,** फागुन २०/ उत्तरी बुर्किना फासोका विभिन्न गाउँहरूमा भएको आक्रमणमा परी एक सय ७० जनाको मृत्यु भएको छ । क्षेत्रीय सरकारी वकिलले शनिबार जनाए अनुसार गत फेब्रुअरी २५ मा बुर्किना फासोका विभिन्न क्षेत्र, उत्तरी क्षेत्र, याटेंगा प्रान्तको कोम्सिलगा, नोडिन र सोरो लगायतका गाउँहरूमा आक्रमण भएको हो ।

ती आक्रमणमा परी १ सय ७० जनाको मृत्यु भएको छ भने थुप्रै घाइते भएका छन् । त्यसैगरी आक्रमणबाट महत्वपूर्ण भौतिक सम्पत्तिको क्षति भएको बताइएको छ । फेब्रुअरी २५ मा पनि उत्तरी बुर्किना फासोको क्याथोलिक चर्चमा आक्रमण हुँदा कम्तिमा १५ जना उपासकको मृत्यु भएको थियो भने पूर्वी बुर्किना फासोको एउटा मस्जिदमा भएको आक्रमणमा थुप्रै मुस्लिम उपासकहरू मारिएका थिए ।

भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरु

*अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछ :*

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेषाज्ञा (Visa),
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण,

नेपाल सरकार

विज्ञापन बोर्ड

## लुम्बिनीमा निजी क्षेत्रको लगानी बढ्दो, सुविधा सम्पन्न होटल थपिँदै

**लुम्बिनी,** फागुन २०/बुद्ध जन्मस्थल लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय पूर्वाधारमा लगानी थपिँदै गएको छ । यहाँको पर्यटकीय क्षेत्रमा निजी क्षेत्रको लगानी ६० अर्बभन्दा बढी पुगेको छ । लुम्बिनीको पर्यटकीय सम्भावनालाई केन्द्रित गरेर रूपन्देहीका होटल व्यवसायमा मात्रै झण्डै ३० अर्बभन्दा बढीको लगानी पुगेको व्यवसायीहरू बताउँछन् ।

पर्यटन व्यवसायीका अनुसार रुपन्देहीमा साना-ठूला गरी दुई हजार पाँच सय होटल छन् । यसमध्ये एक सय ५० भन्दा बढीस्तरीय होटल सञ्चालनमा रहेको होटल व्यवसायी संघका पूर्वअध्यक्ष पर्यटन व्यवसायी माधव नेपाल बताए । लुम्बिनी क्षेत्रको पर्यटकीय सम्भावनालाई केन्द्रित गरेर होटल तथा पर्यटकीय क्षेत्रमा निजी क्षेत्रको लागानी बढ्दो छ । बुद्ध जन्मस्थल लुम्बिनी प्रवेशद्वारका रूपमा मानिएको सिद्धार्थनगर र रुपन्देहीमा आधुनिक नगरको रूपमा विकसित हुँदै गइरहेको तिलोत्तमा नगरपालिकामा शनिबारदेखि एकैदिन दुईवटा सुविधा सम्पन्न होटल सञ्चालनमा आएका छन् । रुपन्देहीको सिद्धार्थनगर-३ स्थित सिङ्गापुर कोलनीमा नेपालको पर्यटन क्षेत्रमा ३२ वर्षदेखि होटल सञ्चालन गरिरहेको ल्याण्डमार्क होटल एण्ड रिसोर्ट सञ्चालनमा आएको छ । यस्तै तिलोत्ताको जानकीनगरमा पनि सुविधासम्पन्न 'द क्राउन इन' होटल सञ्चालनमा आएको छ । भारतीय पर्यटक नेपाल भित्रिने मुख्य बेलहिया नाकाबाट करिब तीन किलोमिटरको दूरीमा करिब डेढ बिघा जग्गामा चारतारे होटल ल्याण्डमार्क सञ्चालनमा आएको होटलका प्रमुख कार्यकारी अधिकृत सिएन पाण्डेले जानकारी दिए ।




(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## गठबन्धनभित्रको खटपट

अहिले एकाएक गठबन्धनभित्र खटपट पैदा भएको छ । राष्ट्रिय सभा निर्वाचन र काँग्रेसको महासमिति बैठकबाट सत्ता गठबन्धन दल नेकपा माओवादी र काँग्रेसबिच खटपट सिर्जना भएको प्रतित हुन्छ । राष्ट्रिय सभा निर्वाचनमा काँग्रेसले घात गरेको र महासमिति बैंठकमा गठबन्धन नगर्ने गरी जाने भन्ने विषयले प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड असन्तुष्ट बन्दै आएका छन् । राष्ट्रिय सभा अध्यक्षमा माओवादीले उम्मेदवारी दिने निर्णय समेत गरेको छ । प्रचण्डका पछिल्ला गतिविधिहरु समेत हेर्दा नेकपा एमालेका अध्यक्ष केपी ओली शर्मासँग भेटघाट र छलफल समेत गर्ने गरेकाले कतै गठबन्धन टुट्ने त हैन भन्ने आशंका समेत पैदा भएको छ । काँग्रेस सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री दाहाललाई फकाउन मन्त्रिपरिषद् पुर्नगठनदेखि पार्टीको महासमिति बैठकबाट पारित दस्ताबेज परिमार्जन गर्न सकिने सम्मको संकेत दिएका छन् । तर माओवादी अध्यक्ष दाहाल भने अत्यन्त चतुर राजनीतिज्ञका रूपमा चेसका प्यादा चलाएजस्तो चाल चालिरहेको प्रतित हुन्छ । अब सर्तअनुसार अर्को पार्टीलाई प्रधानमन्त्री पद छोडिदिनुपर्ने अवस्था आउँदै छ ।

अहिलेदेखि नै यस्ता खोचे थापेर सौदाबाजीका कुरा उठाउँदै गर्ने हो भने आफ्नो पार्टीको आयु अलिक लम्बिन सक्छ भन्ने प्रचण्डलाई लागेको हुनसक्छ । यसका लागि उनको अस्थीर स्वभाव र गोटी चालको दिशाले प्रचण्डलाई एमालेसँग पुनः सम्झौता गर्न पुऱ्याउन पनि सक्छ । एमालेको चाहना पनि यतिखेर प्रचण्डको सोच अनुकुल हुनसक्छ । जसरी भएपनि गठबन्धनभित्र खटपट पैदा गराएर दरार खडा गर्न पाए हुन्थ्यो भन्ने उसको मनसाय हुनुलाई स्वाभाविक मान्न सकिन्छ तर एक भएर रहेका दलहरू भने कसैले पैदा गर्न खोजेको हावा हुण्डरीबाट विचलित नहुनुपर्नेमा आफैंभित्र मनमा तिलजौ पकाएर बस्नु असान्दर्भिक अवस्थाको सिर्जना गर्नु हो । अबको गठबन्धन सरकारमा रहने कि नरहने भन्ने प्रश्न चिन्हको रुपमा उब्जिएको छ । एकातिर गठबन्धनको एउटा पार्टी माओवादी केन्द्र नेपाली कांग्रेससँग असन्तुष्ट रहनु र नेपाली कांग्रेसको एउटा पक्ष पनि माओवादीसँग असन्तुष्ट रहनुले कतै गठबन्धनको आयु यति नै त होला भन्ने आम बुझाई रहेको छ । जे भए पनि जनताको चाहना भने सरकार परिवर्तन हुनु र गठबन्धन दल टुट्नुपर्छ भन्ने होइन । उनीहरुको एक मात्र चाहाना जसले गरे पनि देशको विकास र समृद्धि होस् भन्ने हो । यसर्थ राजनीतिक दलहरुले पार्टी र सत्ताको स्वार्थ भन्दा माथि उठेर जनताको हितमा सोच्न जरुरी छ ।

### Opinion @ Social Network

आफ्नै अनुहार आफैले हेर्दा त झनक्क रिस उठेर आउँछ भने,
अरुलाई झन कति रिस उठ्दो हो ।
*(मञ्जिल मगरको फेसबुक स्टाटसबाट www.facebook.com//manjil.ido)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# काँग्रेसमा नेतृत्व बहिर्गमन नीति र राजनीतिक रूपान्तरण



पासाङ शेर्पा

नेपाली काँग्रेसका महामन्त्रीद्वय र पार्टी उपसभापति पूर्णबहादुर खड्काले काँग्रेसको १४औं महासमितिमा आफूले पाएको विषयमा आ-आफ्ना प्रस्ताव पेश गरे । ती तीनै प्रस्तावउपर काँग्रेस महासमितिको हलमा मात्र छलफल विमर्श र तर्क-वितर्क भएन बाहिर पनि त्यसको असर र प्रभाव देखियो । अन्य पार्टी नेताहरू र बौद्धिक वर्गमा पनि विमर्शले स्थान पायो । आजको आलेख तीन जनाका प्रस्ताव उपर नभएर महामन्त्री विश्वप्रकाश शर्माद्वारा प्रतिपादित र महासमितिको हलले पारित गरेको नेता बहिर्गमन नीतिबारे विवेचना गर्नु हो । नेपाली काँग्रेसका महामन्त्री विश्वप्रकाश शर्माद्वारा प्रस्तावित थुप्रै नीति तथा प्रस्तावहरू आकर्षक छन् । 'हरेक विषयमा स्पष्टता हरेक मुद्दामा अग्रता', 'गौरवमय इतिहास, जिम्मेवार वर्तमान र उज्यालो भविष्य' जस्ता श्लोगन राखेर काँग्रेस महासमितिको बैठक फागुन ७ देखि १० मा प्रस्तुत र पारित प्रस्तावका कतिपय प्रावधान काँग्रेसभित्र मात्र होइन काँग्रेस इतर पार्टीको लागि पनि ग्राह्य विषय र प्रसङ्गहरू छन् । समसामयिक राजनीतिक प्रस्तावको दस्तावेजमा समेटिएको मूलतः १० बुँदे विषयमध्ये पनि यहाँ नेतृत्वको बहिर्गमन नीति बारेको व्यवस्था बारे चर्चा गरौं ।

**एक्जिट नीति**

नेताको रिटायरमेन्ट सम्बन्धी प्रस्ताव र फर्मूला आजसम्म आएका सूत्रमध्ये वास्तविक छ । यसलाई बुँदा नं. ९ को (ख) मा व्यक्ति बहिर्गमनको पद्धति (एक्जिट पोलिस) मा समावेश गरिएको छ । यद्पि यसका केही सीमा, कमजोरी र अप्ठ्याराहरू छन् । यो विधिलाई पनि अलोकतान्त्रिक र उमेर पूर्वाग्रही (एज बायस्ड) भन्ने आलोचना पनि हुन्छन्/छन् । अव्यावहारिक र अपरिपक्व प्रस्ताव भन्ने पनि सुनिन आएको छ तर नियम बनाउँदा रहने अपवादको नियम भन्दा धेरै कमजोरी यसमा देखिन्न । आजको समय र नेताहरू जहिल्यै र जसरी पनि पटक-पटक अनेक पटक नेपाली काँग्रेसको कुरा गर्ने हो भने दुई जना व्यक्ति गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवा पाँच पटकसम्म प्रधानमन्त्री बनेका छन् । सूर्यबहादुर थापाले पनि पंचायत र बहुदलमा गरी पाँच कार्यकाल प्रधानमन्त्री बन्ने अवसर पाए । व्यक्तिको अवसरले राज्यलाई लाभ हुँदा फरक पर्दैन तर आजसम्म त्यस्तो इतिहास नेपाली राजनीतिमा रचिएको छैन । काँग्रेस बाहेक प्रमुख दुई पार्टीका नेताहरू नेकपा एमालेबाट केपी ओली र नेकपा माओवादीबाट प्रचण्ड तीन-तीन पटक प्रधानमन्त्री बन्नु र अब पनि अर्को विकल्प नदेखिनुमा जनतामा निराशा छ । पुराना दलबाट प्रधानमन्त्रीमा नयाँ अनुहार र नयाँ शैलीको व्यक्ति प्रधानमन्त्रीको रूपमा देख्न नपाउँदा पुराना दलप्रति आकर्षण कम र नयाँ दलसँग आसक्ति बढी देखिने स्थिति बन्दै गइरहेको छ । गाई कि त्रिशूल भनेर चिठ्ठा खेले झैं पुराना पार्टीका नेताहरू कि यो कि त्यो मात्र देख्ने परिपाटी र अन्त्यसम्म नै पद लिएर बस्ने प्रवृत्ति अनि म मात्रै सुयोग्य अरू निम्न भन्ने एकोहोरो सोच परिवर्तन गर्न पनि केही नियम र नयाँ प्रबन्ध आवश्यक पर्छ । प्रारम्भमा नयाँ विचार र प्रस्ताव बारे शंका हुनु त्यसको वस्तुनिष्ठ पक्षमा विमर्श हुनु अनि खाईपाई आइरहेको वर्गमा आफ्नो भाग खोसिने भय हुनु स्वाभाविक नै हो । यद्यपि यसका व्यावहारिक अप्ठ्यारा र सप्ठ्यारा यसको कार्यान्वयनमा गएपछि थाहा हुने कुरा हो । सिद्धान्त जब कार्यान्वयनमा जान्छ तब मात्र त्यसको सबल र दुर्बल पक्षको परीक्षण हुन्छ । सबल पक्ष हावी भए निर्वाध कार्यान्वयनमा जान्छ दुर्बल पक्षको बोलवाला भए खारेजको विषय बन्छ । त्यसैले परीक्षणमा लैजानु राजनीतिक दलको एउटा कार्यभार हो । शक्ति सहजै त्याग्ने र नयाँको लागि ढोका खोलिदिने वातावरण निर्माणको लागि हरेक पुराना दलमा नेतृत्व कहिले र कसरी फेर्ने र छोड्ने भन्ने विषय पेचिलो छ । अवसरको वितरणमा पनि जालझेल हुने र शक्तिकेन्द्रको मान्छे किचेन क्याबिनेटको मान्छे मात्र अनवरत अवसर पाइरहने प्रवृत्तिले दलहरूमा असन्तुष्टि, विद्रोह र अन्तर्घात जस्ता दुर्गुणहरू मौलाएका छन् । शक्तिकेन्द्रको नजिक रहने र प्रिय बन्नेको मात्र भागमा अवसर पर्नु र अन्य असन्तुष्टिको आगो बोकेर बस्नुपर्ने नीति र नियतिले पार्टीको हित कदापि गर्न सक्तैन । त्यसैले नेपाली काँग्रेसको महासमिति बैठकबाट पारित नेता विस्थापन र नयाँको प्रतिस्थापन नीति राष्ट्रको परिप्रेक्ष्यमा सामयिक र सान्दर्भिक देखिन्छ । तथापि महाधिवेशनको हलबाट पारित भए पनि केन्द्रीय समितिले परिमार्जन गरेर पास गर्ने र परिमार्जन गर्दा यसको मूल मर्म मारियो या विगतमा झैं नीति अधिवेशन र महासमितिले पास गरेको निर्णय उपेक्षा गरियो भने स्थिति आजको भन्दा अरू खस्कने निश्चित छ ।

काँग्रेस केन्द्रीय समितिले नीति अधिवेशन र महासमिति बैठकको निर्णयलाई आत्मसात् गरेर नै महामन्त्री शर्माद्वारा प्रेषित नीति पास र कार्यान्वयन गर्ने विश्वास लिइन्छ । पार्टीहरूको घट्दै गएको जनमत, खस्कँदै गएको साख र टुट्दै गएको जनविश्वास (पार्टीहरूको निर्वाचनमा मत क्रमशः घट्दै गएको छ) लाई पुनः वृद्धि गर्न र यथास्थितिमा राख्न पनि केही आकर्षक र आवश्यक नीतिको आवश्यकता देखिन्छ । जसलाई काँग्रेसको नीति मन्थनले अनुमोदन गरेको छ । यथास्थितिमा जकडिएको काँग्रेसलाई यो नीतिले संजीवनी बुटी प्रदान गर्ने आशा गर्न सकिन्छ । नेताको अवकाश नीति भने सम्मानजनक र स्वेच्छिक हुनु वाञ्छनीय छ । नीतिको मर्म बुझेर र बोकेर नेताहरू अवकाशमा जानुमा जति मजा छ त्यति मजा विधि र विधानको डण्डा तेर्स्याएर जानुमा छैन । बारम्बार नैतिकता र नीतिको प्रश्न उठाउनुमा छैन । विधि बनेपछि त्यो विधिको पालना नैतिक धर्म, स्वेच्छिक कर्म बन्न सक्नुपर्छ । विश्वप्रकाश शर्माद्वारा प्रस्तावित फर्मूलामा नेता बहिर्गमनका चार विधि र प्रक्रियाहरू सिफारिश गरिएको छ । जसमा कुनै व्यक्ति एक पटक राष्ट्रपति, दुई पटक प्रधानमन्त्री र तीन पटक मन्त्री अनि चार पटक मात्रै सांसद बन्न पाउने प्रावधानको व्यवस्था गरिएको छ । यो नीति कडाइका साथ लागू भएमा र यसलाई कानुनी र नैतिक रूपमा बलियो बनाइएमा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र सांसदको कार्यकाल क्रमशः एक दुई तीन र चार कार्यकालसम्म मात्र हुन पाउनेछन् । त्यस्तै गरी मुख्यमन्त्रीको कार्यकाल अधिकतम दुई पटक, प्रदेशमन्त्रीको कार्यकाल बढीमा तीन र प्रदेश सभा सदस्य चार पटकभन्दा बढी हुन प्रतिबन्ध लाग्नेछ । आफ्नो प्रस्तावको औचित्य र महत्व बारे महामन्त्री विश्वप्रकाश शर्मा तर्क गर्छन्: 'यसले आफ्नो पालो हत्तपत्त न आउने भयो भनेर निराश भएर बसेका पार्टीका साथीहरूमा आशाको सञ्चार गराउँछ र क्रियाशील रहिरहन उत्प्रेरित गर्नेछ, राजनीतिमा गर्नुपर्ने पूर्व तयारी, सतर्कता, गम्भीरता र जवाफदेही बन्न मद्दत गर्छ । आफ्ना नेताले चाहेमा मन्त्री, सांसद भइन्छ, टिकट पाइन्छ भन्ने जस्तो प्रवृत्ति निरुत्साहित हुन्छ । कामले परिणाम देखाउने कुरामा पार्टी कार्यकर्ता र नेतालाई उत्तरदायी बनाउँछ ।

सबैभन्दा घतलाग्दो कुरा आफ्नो नेतृत्वसँग वाक्क-दिक्क भएर अब कहिले बिदा होलान् भन्ने असन्तुष्टि र दिक्दारी हटेर जान्छ र आफ्नो र अर्को नेताको पालोको तयारीमा ध्यान जान्छ । जसको कारण निराशाको अन्त्य र उत्साहको बीजारोपण हुन्छ । पुराना र पटक-पटक अवसर पाएका नेताहरूको विकर्षण कम गर्न र नयाँ आशा जगाउन कामयावी बन्ने र नयाँ पुस्तालाई मार्गप्रशस्त गर्छ भन्ने शर्माको दाबी छ । लोकतन्त्रमा सिन्डिकेट, उमेर हद, अवसर हद तोक्न मिल्दैन । तथापि हाम्रो जस्तो देशमा नेताहरूले जगाउन नसकेको विश्वास, दिन नसकेको आशा र पटक-पटक दोहोरिने पाँच पटकसम्म प्रधानमन्त्रीमा एकै व्यक्ति आएको स्थितिको कारण लोकतन्त्र अन्त्यको लागि बाधक बनेको र नयाँ अनुहारलाई निषेधको अर्थमा बुझिन थालेको छ, जसको कारण पार्टीहरूमा जनविश्वास कम हुन जाने, लोकतन्त्र नै खतरामा पर्ने, अवाञ्छित तत्वले व्यवस्था असफल भएको दृष्टान्त दिने हर्कत रोक्न पनि केही उपचारात्मक विधि र नयाँ तरिका आवश्यक देखिएको हो । कतिपय नीति, विधि र पद्धतिहरू अन्य देशको सिको गरेर भन्दा पनि नेपाली मनोविज्ञान, अभ्यास र प्रक्रियागत त्रुटिमा देखिएको खोटलाई हेरेर परिष्कार, परिमार्जन र आविष्कार गर्नु तथ्यसंगत हुन्छ । नेपालमा एकै व्यक्ति २०४८ सालदेखि निरन्तर सांसद बनेको देखि प्रधानमन्त्री पाँच पटक बनिसकेको र अब पनि बन्ने स्थिति छ । कतिपय नियमहरू आवश्यकता र औचित्यको आधारमा र बाध्यात्मक स्थितिको आधारमा पनि बन्ने र बनाउने गरिन्छ । लोकतन्त्रमा आफूलाई मान्य हुने र आफूले अवलम्बन गर्ने विधि आफैंले लोकतान्त्रिक विधिबाट बनाउने गरिन्छ । अमेरिकामा दुई कार्यकाल मात्र राष्ट्रपति बन्ने नियम छ । त्यस्तै अन्यत्र पनि प्रधानमन्त्री र राष्ट्रपतिको कार्यकाल दुई वर्षभन्दा बढी नहुने व्यवस्था भएको पाइन्छ । बेलायतमा संवैधानिक रूपमा तेस्रो कार्यकालको लागि प्रधानमन्त्री बन्नको लागि बाधा छैन तर पनि तेस्रो कार्यकालको लागि प्रधानमन्त्री बनेको घटना विरलै छन् अपवादको नियमले मात्र काम गरेका घटनाहरू छन् । काँग्रेसले व्यवस्था गरेको यो नियम लागू भएमा नयाँलाई नेतृत्वको अवसर आउनेछ भने एकै मानिस केही वर्षको अन्तरालमा प्रधानमन्त्री बनिरहने प्रवृत्तिमा पूर्णविराम लाग्नेछ । दुई पटकभन्दा बढी कार्यकालमा रोक लगाउँदा प्रधानमन्त्री बन्न लुछाचुँडी गर्ने र भागदौड गर्ने एकै वर्षमा सरकार ढाल्ने गलत परम्पराको अन्त्य गर्न मद्दत पुग्नेछ । बहिर्गमन विधिबारे काँग्रेस स्पष्ट हुनु त्यति नै आवश्यक यो नीति पास भएपछि नै कार्यान्वयन हुने हो ? सिद्धान्ततः कुनै पनि नीति पास भएपछि नै कार्यान्वयन हुनुपर्छ । यसो हुँदा एक्जिट नीतिमा पर्ने नेताहरूले बिदा हुने तयारी गर्नु नैतिक र सान्दर्भिक मानिन्छ ।

**प्राइमरी इलेक्सन**

संघ, प्रदेश र स्थानीय तहको निर्वाचनमा उम्मेद्वार छनोट गर्दा सोही भूगोलको क्रियाशील सदस्य र शुभेच्छुकहरूको सहभागितामा प्राइमरी इलेक्सनबाट बढी भोट ल्याउनेलाई उम्मेद्वार बनाउनु बढी लोकतान्त्रिक हुने र नेपाली राजनीतिमा अनि विभिन्न पार्टीमा बहस चलेको विषय हो । रास्वपाले यसको अभ्यास गरिसकेको छ । असल र प्रगतिशील कुराको अनुसरण जसले र जसको गरे पनि हुन्छ । काँग्रेस जस्तो लोकतान्त्रिक र गतिशील पार्टीलाई लोकतान्त्रिक अभ्यासको नयाँ-नयाँ विधि र पद्धति अवलम्बन गर्न असहज मान्ने स्थिति बन्दैन । काँग्रेसभित्र अन्य पार्टीमा झैं नातावाद कृपावादको आरोप लागेको छ । जसलाई अभ्यासले पुष्टि गरेको पनि छ, यसलाई निस्तेज पार्न एकै घरका श्रीमान्-श्रीमती, दाजुभाइ-दिदीबहिनी नै पार्टीको निर्वाचनमा टिकट पाउने र एकाघरका परिवार नै विभिन्न तहको निर्वाचनमा भाग लिने संसद पनि बन्ने विषय सर्वत्र आलोचनाको विषय छ । यसलाई सच्याएर जान उम्मेद्वार बन्नुपूर्व पार्टीभित्र प्रि-इलेक्सन गर्ने अवस्थाले पार्टी कार्यकर्तालाई आफ्नो रोजाइको प्रतिनिधि छान्ने स्वतन्त्रता प्राप्त हुन्छ र निर्णयमा अपनत्वको भाव पैदा हुन्छ । नेताको मुख ताक्ने र नेताको कारण उम्मेद्वार हार-जितको दोषभागी बनाउने परम्पराको अन्त्य हुन्छ । महामन्त्री शर्माद्वारा प्रस्तावित र काँग्रेस महासमितिका सदस्यहरूले भारी मतले पारित उक्त प्रस्ताव नेपाली काँग्रेसको केन्द्रीय समितिको बैठकले समेत पारित गरेर कार्यान्वयनमा आएमा नेपाली काँग्रेसको आन्तरिक राजनीतिको जाम मात्र खुल्ने छैन, नेपाली राजनीतिमै नयाँ निकास निस्कने निश्चित छ । काँग्रेसले आफ्नो महासमितिद्वारा पारित प्रस्ताव कार्यान्वयनमा ल्याउँदा अनुसरणीय बन्ने र काँग्रेसले गर्वसाथ उल्लेख गरेको 'हरेक विषयमा स्पष्टता हरेक मुद्दामा अग्रता', 'गौरवमय इतिहास, जिम्मेवार वर्तमान र उज्यालो भविष्य' स्लोगनले सार्थकता पाउनेछ । अन्य दल र नेताहरूसँग समन्वय गरेर यो विषयलाई राष्ट्रिय निदान मान्दै संवैधानिक रूपमा नै सुनिश्चित गर्ने पहलको नेतृत्व काँग्रेसले गऱ्यो भने इतिहासमा नै नयाँ कोसेढुङ्गा स्थापना हुनेछ । दलहरूमा शुद्धीकरण पनि हुनेछ । ***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :विश्वासपात्रबाटै धोका पाइने सम्भावना देखिएकाले सजग रहनुहोला। | **तुला** : अवसर प्राप्त भए पनि पहिलेको हरहिसाब नमिल्नाले समस्या पर्ला । |
| **बृष** : जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुऱ्याउँदा पछि परिनेछ । | **बृश्चिक** :काममा चुनौती देखिए पनि स्थितिलाई सहज बनाउन सकिनेछ। |
| **मिथुन** : परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला। | **धनु** : काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । |
| **कर्कट** : परिवेश उल्लासमय रहे पनि मनको डरले भने सताउनेछ । | **मकर** : गोप्य सूचना बाहिरिने हुँदा बोली, व्यवहारमा सजग रहनुहोला। |
| **सिंह** :बेसुरमा धन खर्च गर्नाले सञ्चित र कम सकिनेछ। अर्थअभावले सताउन सक्छ। | **कुम्भ** : सम्भावना देखिए पनि उपलब्धि हातपार्न निकै मिहिनेत पर्नेछ । |
| **कन्या** :व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। श्रमको उचित मूल्यांकन हुनेछ । | **मीन** : समयको माग अनुसार चल्न नसक्दा पछि परिनेछ । |



# नैतिकवान जनशक्ति उत्पादनमा बौद्ध विश्वविद्यालय क्रियाशील



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं लुम्बिनी बौद्ध विश्वविद्यालयका सहकुलपति अशोककुमार राईले बौद्ध विश्वविद्यालय एउटा विशिष्टीकृत विश्वविद्यालय भएकाले यसको आफ्नै महत्व रहेको बताएका छन् । उक्त विश्वविद्यालयका कुलपति प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को अध्यक्षतमा लुम्बिनीमा भएको लुम्बिनी बौद्ध विश्वविद्यालयको १५औँ सभा बैठकलाई सम्बोधन गर्दै शिक्षामन्त्री राईले यो विश्वविद्यालय मुलुकको मात्रै नभई अन्तर्राष्ट्रिय चासो र सरोकारको विश्वविद्यालय हो भने । यसले विश्वसमुदायलाई शान्तिको सन्देशसहितको बौद्ध शिक्षा फैलाउने र मुलुकका लागि दक्ष, सीपयुक्त र नैतिकवान् जनशक्ति उत्पादनमा निरन्तर काम गर्दै आएको बताए ।

शिक्षामन्त्रीले नेपालमा अनेकौं पुरातात्विक क्षेत्र रहेका र त्यसको उत्खननका लागि आफ्नै मुलुकका जनशक्ति प्रयोग अपरिहार्य भएको बताए । उनले कपिलवस्तुको तिलौराकोट क्षेत्र, नवलपरासीको रामग्राम क्षेत्रलगायत लुम्बिनीकै पनि अझै धेरै बौद्ध पुरातात्विक क्षेत्रको उत्खननमा लुम्बिनी बौद्ध विश्वविद्यालयका जनशक्ति प्रयोग गर्ने गरी मन्त्रालय, लुम्बिनी विकास कोष, पुरातत्व विभागले योजना बनाउनुपर्ने बताउँदै यसबाट विश्वविद्यालयमा विद्यार्थीको आकर्षण हुनुका साथै पुरातात्विक वस्तुको उत्खननमा छोटो समयमा ठूलो उपलब्धि हासिल हुने र मुलुकले दक्ष जनशक्ति प्राप्त गर्ने बताए । मन्त्री राईले बुद्धको जन्मस्थल लुम्बिनीलाई केन्द्रमा राखेर विश्वविद्यालयलाई बौद्ध शिक्षा, साहित्य, कला, इतिहासको अध्ययनअध्यापन तथा अनुसन्धान गर्ने अन्तर्राष्ट्रिय प्राज्ञिक केन्द्र बनाउने ध्येयलाई भुल्न नहुनेमा जोड दिए । बौद्ध शिक्षामार्फत राष्ट्रिय शिक्षा विकासमा योगदान पुऱ्याउन योजनाबद्ध ढङ्गबाट अगाडि बढ्नुपर्ने आवश्यकता देखिएको उनले बताए । यसअघि प्रधानमन्त्री दाहालले लुम्बिनी विकास कोष परिसरभित्र निर्माण भएको केन्द्रीय कार्यालय भवनको उद्घाटन गरे । करिब रु २२ करोड लागतमा बनेको भवनमा उपकुलपति कार्यालय, रजिष्ट्रार कार्यालय, अनुसन्धान केन्द्र, अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रको कार्यालय रहनेछ । *-रासस*

# भवन राम्रा बने, विद्यार्थीको आकर्षण बढेन



विसं २०७२ वशाख १२ को विनाशकारी भूकम्पले क्षति पुर्याएका सामुदायिक विद्यालयका भौतिक संरचना आकर्षक निर्माण भएका छन् । विद्यालय भवन आकर्षक बने तापनि त्यहाँ अध्ययन गर्ने विद्यार्थीको संख्या न्यून हुँदै जाँदा ती संरचनाको उपयोग कम हुन थालेकामा सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । रामेछापका ८७ माध्यमिक विद्यालयको नयाँ भवन बनेका थिए । ती विद्यालयमा विद्यार्थीको संख्या दिनानुदिन घट्दै गएकोप्रति सरोकारवालाले चिन्ता व्यक्त गरेका हुन् । शैक्षिक गुणस्तर नहुनु, जनसंख्या वृद्धिदर न्यून हुनु र सामुदायिक विद्यालयमा राजनीतिक हस्तक्षेप हुनु लगायतका कारणले सामुदायिक विद्यालयमा विद्यार्थी घट्नुका मुख्य कारण भएको जिल्ला शिक्षा तथा समन्वय एकाइ रामेछापका प्रमुख भरतबहादुर भट्टराईले बताए ।

यसअघि जिल्लामा चार सयभन्दा बढी विद्यालय भए पनि विद्यार्थी कम भएकै कारण समायोजन भएर तीन सय ६० को संख्यामा झारिएका थिए । तर अझै विद्यार्थीको अभावमा ती विद्यालय एकअर्कामा समायोजन भई घट्ने अवस्था रहेको छ । यस्ता विद्यालयको शैक्षिक गुणस्तर खस्कँदै जान लागेपछि सुधारको प्रयासका लागि जिल्ला शिक्षा समन्वय एकाइ, विभिन्न पालिकामार्फत हुने गरेका तालिम, गोष्ठी, अन्तर्क्रिया एवं छलफलले पनि खासै काम गर्न सकेको छैन । पूर्वशिक्षक गुञ्जबहादुर श्रेष्ठले सामुदायिक विद्यालयमा गुणस्तरीय अध्यापन नहुने र गाउँमा समानुपतिक विकास नहुनुनै सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या घट्दै जाने गरेको बताए । जिल्लामा पाँच नमूना माध्यमिक विद्यालय छन् एक/दुई वटाबाहेक ती विद्यालयले पनि खासै गुणस्तरीय शिक्षा दिन नसक्दा विद्यार्थी आकर्षण गर्न सकेका छैनन् । मुलुक संघीय संरचनामा गएसँगै तत्कालीन जिल्ला शिक्षा कार्यालयले अनुगमन तथा नियमन गर्ने गरेका सबै विद्यालयसँग सम्बन्धित काम पालिकास्तरीय शिक्षा शाखाले गर्न थालेपछि भने अझै शैक्षिक गुणस्तर खस्कँदै गएको जनाइएको छ । माध्यमिक तहसम्म निःशुल्क शिक्षा भने पनि सामुदायिक विद्यालयले पनि जथाभावी विभिन्न बहानामा शुल्क असुल्ने गरेको र घरमा रहेका आफूजस्ता अभिभावक सौखिन भएका कारण पनि सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या नबढेको अभिभावक शान्ति प्रकाश दाहालले जानकारी दिए ।

सबै तहका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पढाउने खालको दक्ष शिक्षक नहुनु, शिक्षकले आफ्ना छोराछोरीलाई आफूले पढाउने विद्यालयमा नपढाउनु, शिक्षक नियुक्ति गर्दा अनुभवी र दक्ष एवं राम्रा शिक्षकलाई भन्दा हाम्रा/(आफ्ना, आफन्त) शिक्षकलाई प्रक्रिया मिलाएर नियुक्ति गर्ने गलत अभ्यास बढेको जनाइएको छ । अभिभावक सञ्जय वाग्लेले शिक्षक सेवा आयोगबाट आधारभूत वा माध्यमिक तह पास गरेर आएका शिक्षकमध्ये पनि पहुँचवालालाई मात्र आफ्नो पालिकामा ल्याउन पहल गर्नु नै शैक्षिक गुणस्तर खस्कनु र विद्यार्थीको संख्या घट्नुका कारण भएको बताए । यसो त कक्षा १ देखि १२, सम्म निःशुल्क पाठ्यपुस्तक, ५ कक्षासम्म दिवा खाजाको व्यवस्था, टोलटोलबाट विद्यार्थी ल्याउन विद्यालयमा बसलगायतका सुविधा पनि नभएको भने होइत तर यी सुविधा हुँदाहूँदै पनि विद्यार्थीको सामुदायिक विद्यालयमा आकर्षण बढ्न सकेको छैन । संस्थागत विद्यालयसँग नमूना माविको रुपमा रहेको मन्थली मावि मन्थली र मावि डहुलेभन्दा बाहेकका अन्य माध्यमिक विद्यालयले गुणस्तरमा भने प्रतिस्पर्धा गर्न सकेका छैनन् । त्यही कारण पनि सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या बढ्न नसकेको हो । आफूले पढाउने विद्यालयमा आफ्ना बालबालिका अधिकांश शिक्षकले नपढाउने गरेकाले पनि शैक्षिक गुणस्तर खस्केको अभिभावकको आरोप छ । दक्ष तथा अनुभवी एवं युवापुस्ताका शिक्षकलाई नयाँ नियुक्ति दिने र २० वर्ष वा सोभन्दा बढी समयसम्म शिक्षण गरेका शिक्षकलाई पेन्सन दिनुपर्ने अभिभावक नारायणबाबु बस्नेतले बताए । *-रासस*

# विद्यार्थीले राजनीति किन बुझ्नुपर्छ ?

**प्रकाश सी :**

राजनीति सबै नीतिहरूको मूल नीति हो अथवा राजनीतिले सबै क्षेत्रहरूको अगुवाइ गर्दछ । मानव जीवनको सुरुवातदेखि अन्त्यसम्म राजनीतिक प्रक्रिया चलिरहन्छ । कोक्रोदेखि चितासम्म प्रभाव पार्ने भएकाले व्यक्ति, परिवार र मानव समाज राजनीतिभन्दा अलग रहन सक्दैन । यदि कसैले आफू राजनीतिभन्दा टाढा रहेको मान्दछ भने त्यो ढोंगी हुन्छ । त्यसैले भनिन्छ, ‘तपाईं राजनीति चाहनुस् वा नचाहनुस् राजनीतिले तपाईंलाई चाहन्छ ।’ नेपालको शैक्षिक वृत्तमा पछिल्लो केही वर्षदेखि शिक्षालयलाई राजनीतिबाट अलग गर्नुपर्छ भन्ने बहस जबर्जस्त सतहमा ल्याइयो र अझै विद्यार्थी आन्दोलनको सान्दर्भिकता नै समाप्त भइसक्यो यसको अन्त्य गरिनुपर्छ भन्ने विचारहरू पनि आइरहेका छन् । तर, के यो तर्क वस्तुवादी हुन सक्दछ ? यदि मानव राजनीतिक प्राणी हो भनेर स्वीकार पनि गर्ने र उसलाई राजनीतिबाट अलग पनि गर्नुपर्दछ भन्ने मान्यता राख्ने हो भने यो कसरी सम्भव हुन्छ ? आम विद्यार्थी मात्र होइन कि सबै बौद्धिक समुदायले यसतर्फ संकेन्द्रित बहस गर्न जरूरी छ ।

नेपालको आजसम्मको राजनीतिक इतिहासमा धेरै ठूला-ठूला दरबारिया षड्यन्त्र, भाइभारदारबीचको काटाकाट, सत्ता छिनाझपटी र दाउपेच, विदेशीको दलाली र अवसरवाद तथा राष्ट्रघातले भरिएको छ । पछिल्लो ३० वर्षको बहुदलीय संसदीय प्रतिस्पर्धामा आधारित राजनीतिक अभ्यासलाई हेर्दा पनि राष्ट्रिय उद्योगधन्दाको निजीकरण, प्राकृतिक स्रोत-साधनको दुरुपयोग, भ्रष्टाचार र दलालीकरण, नातावाद, कृपावाद, राजनीतिक दास मनोवृत्ति, शिक्षा र स्वास्थ्यमा निजीकरण, व्यापारीकरण हुँदै अपराधीकरण, व्यक्तिवादी स्वार्थकेन्द्रित अराजकतावादी राजनीतिले निश्चय नै आम युवा विद्यार्थीलाई विकर्षण गरेको कुरा सत्य हो । तर, राजनीतिको विकल्प राजनीति नै हुन्छ भन्ने सत्यताबाट जुनसुकै तहको विद्यार्थी किन नहोस् उनीहरूलाई राजनीतिक चेतनाबाट पर धकेल्ने कुरा वैज्ञानिक हुन सक्दैन । पहिलो संविधान सभाको निर्वाचनताकादेखि विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने प्रक्रियासँगै विशेषगरी शिक्षामा व्यापार गरेर सम्पत्ति थुपार्न पल्केका राजनीतिक, गैरराजनीतिक सबै शैक्षिक माफियाहरू आजको दिनसम्म पनि आफ्ना शैक्षिक संस्थाको हाताभित्र आफ्ना विद्यार्थीले राजनीतिक शब्द नै उच्चारण नगरुन् भन्ने चाहन्छन् । तर उनीहरू भने राजनीतिकै आडमा कमाउ धन्दामा लिप्त भएका हुन्छन् । यदि विद्यार्थीमा राजनीतिक चेतना जागृत भयो र उनीहरू संगठित हुन पुगे भने विद्यार्थीको शैक्षिक मुद्दाहरू उठान गर्ने, विद्यालय प्रशासनसँग सामूहिक सौदाबाजी गर्ने, प्रशासनको एकल निर्णयमाथि प्रश्न खडा गर्ने र शैक्षिक व्यापारमा धक्का पुग्ने डरले निजी शैक्षिक कम्पनीले त सबै राजनीतिक क्रियाकलापलाई नै निषेध गरेको हुन्छ । यता, सामुदायिक शिक्षालयले समेत ‘यो तेरो राजनीति गर्ने उमेर होइन, नेता बनेर के गर्छस् ? बरु राम्रोसँग पढ् अनि जागिर गरेर पैसा कमा’ भन्ने स्कुलिङ पो गर्ने गरेको पाइन्छ । यसले विद्यार्थीमा राजनीतिप्रतिको थप वितृष्णा भर्ने काम गरेको छ । यहाँ भन्न खोजिएको सबै मानिसले राजनीति गर्नुपर्छ अथवा सबै विद्यार्थी राजनीतिक गतिविधिमा सहभागी हुनुपर्छ भन्ने होइन तर छिटो विषयवस्तु बुझ्न र त्यसलाई तत्काल ग्रहण गर्न सक्ने चरित्र वा क्षमता विद्यार्थी वर्गमा हुने भएकाले उनीहरू सबैलाई राजनीतिक चेतनाबाट अलग गर्नुहुँदैन भन्न खोजिएको हो । चाहे विद्यालय तहका विद्यार्थी होउन् चाहे विश्वविद्यालय तहकाह यदि उनीहरूमा आफ्नो समाज कता जाँदैछ, मानव समाजको इतिहास के हो, आफ्नो परिवार र देशको स्थिति के हो, विश्व कता जाँदैछ, परिवार र समाजमा आफ्नो भूमिका के हो, राजनीतिले मानव जीवनमा के अर्थ राख्दछ भन्ने जस्ता पक्षहरूमा चासो र चिन्ता छैन भने उनीहरूले जति धेरै अंक ल्याए पनि, जति राम्रो अंग्रेजी बोले पनि समाज र राज्यको लागि के नै अर्थ राख्दछ र ? तसर्थ राजनीतिलाई शिक्षाबाट अलग गरेर होइन विद्यार्थीलाई राजनीतिक शिक्षाको अध्ययन गराउनुपर्दछ । यसले आफ्नो समाज, राज्य, देशभक्ति, नेतृत्व, राजनीतिक इतिहास जस्ता विषयहरूमा विद्यार्थीको दृष्टिकोण निर्माण गर्न सहयोग पुऱ्याउँदछ र राज्यको राजनीतिक भविष्यप्रति समेत चिन्तन-मनन गर्ने राजनीतिक संस्कारको विकास गराउँदछ । आजको विद्यार्थी भोलिको नेतृत्व हो । राज्यका प्रशासनिक, वित्तीय, कूटनीतिक, सुरक्षा, राजनीतिक सबै क्षेत्रमा कुनै न कुनै प्रकारको नेतृत्वको त आवश्यकता नै पर्दछ, आजको राजनीति र नेतृत्व खराब भयो भन्दैमा विद्यार्थीलाई राजनीतिबाट बाहिर राख्नु त मुहानै बन्द गर्नु जस्तो हुँदैन र ? त्यसो भएकाले भोलिको उत्तराधिकारी निर्माण गर्नको लागि पनि विद्यार्थीलाई जुनसुकै विचारधारामा आधारित भए पनि छलफल र बहसमा सहभागी हुने वातावरण बनाउनुपर्दछ । मार्क्सवादी या गैरमार्क्सवादी जुन दर्शनमा पनि विद्यार्थी सहमत भएर वैचारिक प्रतिस्पर्धामा उभिन सक्दछ । तर, हामीले शान्ति क्षेत्रको नाममा या व्यापारको नाममा शिक्षा क्षेत्रमा राजनीतिक नाकाबन्दी गरिदिने हो भने प्रतिभाहरू कसरी जन्मन्छन् ? नेतृत्वको विकास कसरी हुन्छ ? समाज अध्ययन कसरी गर्न सक्छ ? राजनेताको जन्म कसरी हुन्छ ?

आजसम्मका नेपाली नेतृत्वहरूले राजनेताको भूमिका पूरा गर्न सके सकेनन् एउटा बहस हुन सक्ला तर नेपाललाई वर्तमान अवस्थासम्म ल्याइपुऱ्याउन केही न केही योगदान त गरेका छन् नि ! विद्यार्थीकालमा नै उनीहरूमा नेतृत्वको जग नबसेको भए के यो सम्भव थियो त ? अवश्य थिएन । पछिल्लो दशकको विद्यार्थी आन्दोलनलाई तटस्थ भएर हेर्ने हो भने कुनै पनि एकल वा संयुक्त विद्यार्थी संगठन र आन्दोलनले आम विद्यार्थीमा राजनीतिक, शैक्षिक आन्दोलनप्रति आशा र विश्वास भर्न नसकेको यथार्थ हो । मूलतः आफ्नो मातृ पार्टी सरकारमा गएसँगै शैक्षिक एजेण्डाहरूलाई सौदाबाजीमा थाती राखेर मन्त्री, सांसद र जनप्रतिनिधिहरूको पीए बन्नको लागि होडबाजी गर्ने, ठेक्कापट्टा र टेन्डरमा लडाइँ गर्ने, सरकारी नियुक्ति र विभिन्न प्रकारका देशभित्र र बाहिरका शैक्षिक छात्रवृत्तिहरूमा लेनदेन गर्ने जस्ता राजनीतिक कुसंस्कारमा तल्लीन हुनाले पनि विद्यार्थी आन्दोलन बदनाम हुन पुग्यो । आज पनि मूल रूपमा विद्यार्थी आन्दोलनले आफ्नो अनौपचारिक स्थायी प्रतिपक्षको चरित्र गुमाएको छ भने यसले सत्ता र नेतृत्वको गुणगान गाएर आफ्नो राजनीतिक भविष्य सुनिश्चित गर्ने यात्रा तय गरेको छ । यस्ता कारणहरूले गर्दा विद्यार्थी आन्दोलनले नयाँ राजनीतिक संस्कारको विकास गर्न सकेको छैन भने पुराना इतिहासलाई पनि निरन्तरता दिनसकेको छैन जसका कारण आम जनताले विद्यार्थी आन्दोलनलाई कर्मकाण्डी रूपमा मात्र बुझेका छन् । विद्यार्थी आन्दोलनको ओरालो लाग्दो लोकप्रियताले गर्दा पनि नयाँ पुस्ताका विद्यार्थीमा आन्दोलनप्रति वितृष्णा जागेको हुन सक्दछ । तर, आन्दोलनको गति सुस्ताएको, गलत प्रवृत्ति हावी भएको, पार्टीको दास भएको, अभिभावक र विद्यार्थीबाट कटेको जस्ता कारण देखाएर मात्र विद्यार्थी आन्दोलनको औचित्य समाप्त भएको मान्ने हो भने के राज्यको नेतृत्व अब भविष्यमा गैरराजनीतिक व्यक्तिहरूबाट खोज्ने हो ? त्यो कदापि हुन सक्दैन । बरु विद्यार्थी आन्दोलनलाई नयाँ ढंगबाट संगठित गरेर अगाडि बढाउने दिशामा बहस केन्द्रित गर्नुपर्दछ । पार्टीको विचारबाट निर्देशित हुन सक्दछ तर ‘झोले’ संगठन बनाइनुहुँदैन । विद्यार्थीले आफ्नो दैनिकी सांगठनिक प्रशासन स्वायत्त ढङ्गबाट नै आफ्नो चरित्र अनुसार सञ्चालन गर्नुपर्दछ । आजको मुख्य चुनौती नयाँ युवा विद्यार्थीमा कसरी राजनीतिक सचेतना भर्ने भन्ने नै हो । नेपालमा कुन राजनीतिक व्यवस्था चाहिन्छ भन्ने विषयमा बहस गर्ने वातावरण सृजना गर्नु हो । नेपालमा कस्तो प्रकारको शिक्षा नीति, संरचना र उद्देश्य निर्धारण गर्नुपर्दछ भन्ने विषयमा परिणाममुखी छलफल गर्नु हो । आजसम्म हामीले अभ्यास गरेका राजनीतिक अभ्यास र त्यसको नकार र सकार तथा विकल्पको सन्दर्भमा चिन्तनमनन गर्ने वातावरण बनाउनु हो । यस्तो वातावरणको सृजना शिक्षालयमा राजनीतिक प्रतिबन्ध लगाएर वा विद्यार्थी आन्दोलनको विघटन गरेर सम्भव छैन । बाटो बिराएको विद्यार्थी आन्दोलनलाई आफ्नो चरित्र अनुसारको लिकमा हिंडाएर मात्र यो सम्भव हुन्छ । उसो त विद्यार्थी आन्दोलन स्खलित हुनुमा विद्यार्थी नेतृत्वको मात्र दोष भने होइन । मातृ पार्टीले युवा विद्यार्थीलाई आफ्नो स्वार्थमा मात्र प्रयोग गर्ने, आन्दोलनको भन्दा पनि नेतृत्वको मात्र सेवक ठान्ने प्रवृत्तिले नै प्रमुख भूमिका निर्वाह गरेको छ । एकातिर शैक्षिक माफियाको जाल, परिपञ्च अर्कोतिर पार्टीको तन्नम झोले कार्यकर्ता र चरम उपभोक्तावादी संस्कृतिले आजको विकृत अवस्था सिर्जना गरेको छ । चरम अवसरवादले कुनै राजनीतिक सिद्धान्त र वैचारिक प्रतिस्पर्धाको जगमा उभिएको कार्यक्रम र परिणाममा होइन आफू अनुकूलको परिस्थितिको निर्माणमा जोड गर्दछ ।

आज विद्यार्थी आन्दोलनमा आलोचनात्मक चेत हराउँदै जानु भनेको अवसरवादको संकेत मात्र होइन प्रमाण नै हो । युवा विद्यार्थीलाई राजनीतिमा आकर्षण गर्ने, राजनीतिमा आकर्षण गरेर पनि सही राजनीतिक विचारधारा र संस्कारमा सहभागी गराउने, देशको स्वाधीनता, सार्वभौमिकता, राष्ट्रिय एकता र सामाजिक न्याय सहितको समृद्धिको आधार र सम्भावनाहरूको खोजी गर्ने जस्ता विषयहरूमा विद्यार्थी आन्दोलनलाई केन्द्रित गराउनु आवश्यक छ । यसको लागि विद्यार्थी संगठनको भूमिका त आफ्नो ठाउँमा छँदैछ राज्यले समेत अनिवार्य राजनीतिक शिक्षाको व्यवस्था शैक्षिक पाठ्यक्रममा समावेश गर्नुपर्दछ । सधैं आन्दोलन गरेर मात्र हुँदैन भन्ने र विद्यार्थी आन्दोलनको औचित्य समाप्त भयो भनेर ठान्नेहरूले राणा शासन, पञ्चायत र राजतन्त्रको अन्त्य कोठामा बसेर लेखेर मात्र भएको होइन अथवा स्वस्फूर्त रूपमा परिवर्तन भएको होइन भन्ने कुरा बुझ्नुपर्दछ । यसमा युवा विद्यार्थीको भौतिक उपस्थिति, ठूलाठूला मेसिनगन र सशस्त्र फौज विरुद्ध ढुंगामुढाको प्रतिरोध तथा टायर र चक्काजामको पनि ठूलो भूमिका छ । यो सत्यलाई कसैले छिपाउन सक्दैन । अबको विद्यार्थी आन्दोलनको बाटो पक्कै पनि हिजोकै सोचाइ र प्रवृत्तिबाट अगाडि बढ्न सक्दैन तर यसको अर्थ आन्दोलन नै विघटन गर्नुपर्छ भन्ने मतसँग कुनै पनि दृष्टिकोणबाट सहमत हुन सकिँदैन । बरु जनताको जीवन, समाज, देश, परदेश नजिकबाट पढ्न र बुझ्नको लागि नयाँ आयाम सहितको विद्यार्थी आन्दोलन संगठित गर्ने र त्यसको लागि आम विद्यार्थीले राजनीति बुझ्नुपर्दछ भन्ने जनमत निर्माण गर्न आवश्यक छ ।

*-अनलाइन खबर डटकम*

# छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु



**पाल्पा,** फागुन २०/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सवारी दुर्घटना, आगलागी र अकस्मात भएका छुट्टाछुट्टै दुर्घटनामा परी पाँच जनाको अकालमै ज्यान गएको हो ।

गोरखा र झापामा भएका सवारी दुर्घटनामा दुई जनाको ज्यान गएको छ । प्रहरीका अनुसार गोरखाको सिरानचोक गाउँपालिका-७ भालुश्वाँरामा मोटसाइकल दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ । बा.९१ प ४५८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही गाउँपालिका-६ नयाँ साघुका २७ वर्षीय मिलन थापा मगरको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल गोरखामा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ । यस्तै झापाको मेची नगरपालिका-५ घोडाधिनमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । मे.११ प ५७६५ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँकी ५५ वर्षीया देविमाया विकको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएकी उनको बिएण्ड सी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते अन्य १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ । यस्तै कास्की र झापामा मृत अवस्थामा दुई जनाको शव फेला परेको छ । कास्कीको पोखरा महानगरपालिका-१६ हरीपाउ देउराली डाँडा बस्ने ३८ वर्षीय हरिकुमार परियार सोही ठाउँस्थित वनपाले सामुदायिक वनमा मृत अवस्थामा फेला परेका छन् । फागुन ११ गतेदेखि हराई रहेका उनको खोजी गर्ने क्रममा शव फेला परेको हो । उता झापाको बिर्तामोड नगरपालिका-९ सम्झना चोक बस्ने ६४ वर्षीया नर माया तामाङ आफ्नै कोठामा शनिबार मृत अवस्थामा फेला परेकी छन् ।

यस्तै सुनसरीको इटहरी उपमहानगरपालिका-६ बिपिचोकमा आगालागी हुँदा एक जनाको मृत्यु भएको छ । धरान उपमहानगरपालिका-५ घर भएकी ५२ वर्षीया गोपी माया कट्वालको कोठामा आगलागी हुँदा जलेर घटनास्थलमै मृत्यु भएको हो । प्रहरीले स्थानीय वासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिएको थियो । सबै घटनाका विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

# लुम्बिनीमा निजी क्षेत्रको....

...उनले भैरहवामा निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तत्काल पूर्णरूपमा सञ्चालन नभए पनि भविष्यमा सञ्चालन हुने र त्यसले पर्यटन क्षेत्रमा कोशेढुङ्गा बनाउने बताए ।

उनले ८० प्रतिशत भारतीय पर्यटक बेलहिया नाकामार्फत नै नेपाल भित्रने गरेको तथ्य प्रस्तुत गर्दै ल्याण्डमार्क त्यस्ता पर्यटकका लागि पहिलो रोजाइमा पर्ने बताए । उनले यस्तो आर्थिक मन्दीको समयमा समेत नयाँ होटल सञ्चालन गरेर नेपाली युवाका लागि नेपालमै रोजगारी सिर्जना गर्न चाहेको बताए । उनले कोभिडका कारण सबैभन्दा पीडित बनेको पर्यटन क्षेत्र विस्तारै माथि उठ्ने क्रममा रहेको बताए । प्रारम्भमा होटलले डिलक्स, सुपर डिलक्स, फेमिली र जुनियर स्वीट गरी ५० कोठासहितको सेवा सुरु गरेको छ । होटलमा आउने पाहुनाका लागि भैरहवा विमानस्थलसम्म र बेलहिया नाकाबाट आउने र जाने यातायातको सुविधासमेत उपलब्ध गराएको होटल व्यवस्थापनले जनाएको छ ।

यस्तै बुटवल-भैरहवा सिद्धार्थ राजमार्ग खण्डको तिलोत्तमाको जानकीनगरमा 'द क्राउन इन' होटल आधुनिक सुविध ासम्पन्न सेवा दिनेगरी शनिबारदेखि नै सञ्चालनमा आएको होटल सञ्चालक अनन्त थैवले बताए । ४० करोडको लगानीमा सञ्चालनमा ल्याइएको होटल सेमिस्वीट, डिलक्स र सुपर डिलक्स गरी ४० वटा कोठा रहेका छन् । होटलमा एक सय जना क्षमताको बार र रुपटप बारको व्यवस्था गरिएको सञ्चालक थैवले बताए । उनले स्वदेशम नै स्वदेशी पुँजीको लागनीबाट केही गर्न सकिन्छ भन्ने विदेश पलायन हुने नयाँ पिँढीलाई सन्देश दिन विदेशबाट व्यवस्थापन अध्ययन गरेर फर्किएको छोरालाई होटलको व्यवस्थापकीय जिम्मेवारी दिएको बताए । **-रासस**


### मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेष्ता कायम गरी नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पाल्पा जिल्ला साविक पोखराथोक-४ हाल बगनासकाली -२ निवासी कुल बहादुर कुमालले निजको बुवा मनविर कुमालको मिति २०३४/११/१६ गते, आमा मनरुपा कुमालको मिति २०३३।०२।१२ गते मृत्यु भएको, अविवाहित दिदीबहिनीहरु नभएको हुँदा मृतक बुवा मनविर कुमालको नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला साविक पोखराथोक गा.वि.स. - ४ कि.नं. ६०८ क्षे.फ. ०-१०-२-१ अ.पा. जग्गा श्रेष्ता कायम नभएको र हालसम्म आफैले हकभोग गर्दै आइरहेकोले उक्त जग्गा मृतक ज.ध. मनविर कुमालको नाममा श्रेष्ता कायम गरी निवेदक (कुल बहादुर कुमाल) को नाममा एकलौटी नामसारी पाउँ भनी निवेदन गरेको सम्बन्धमा उक्त जग्गामा निवेदक कुल बहादुर कुमालको हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. को जग्गा ज.ध. ले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन् ? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो ? मृतक ज.ध. मनविर कुमालको नाममा उक्त कि.नं. को जग्गा श्रेष्ता कायम गरी निवेदक कुल बहादुर कुमालको नाममा एकलौटी नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन ? उल्लेखित जग्गाहरु मृतकका नाममा श्रेस्ता कायम गरी निवेदकका नाममा एकलौटी नामसारी गरिदिन मिल्छ वा मिल्दैन ? निवेदन मागदाबी बमोजिम गरिदिँदा कसैको हकदैयामा असर पर्ने वा श्रेष्ता कायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम मृतक ज.ध.का नाममा श्रेष्ता कायम भई निवेदकका नाममा एकलौटी नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराइन्छ ।

*इति सम्वत २०८० साल फाल्गुण २० गते रोज १ मा शुभम् ।*


## खेलकुद समाचार

# फाइनलमा नेपाल र नेदरल्यान्ड्स भिड्ने



**काठमाडौं,** फागुन २०/त्रिकोणात्मक टी-२० आई सिरिजको फाइनलमा नेपाल र नेदरल्यान्ड्सबीच प्रतिस्पर्धा हुने भएको छ । आइतबार वर्षाको कारण नामिबिया र नेदरल्यान्ड्स बीचको खेल रद्द हुन पुग्यो । दुबै टोलीले १-१ अंक बाँडेका थिए ।

नामिबियासँग अंक बाँडेपछि नेदरल्यान्ड्स ५ अंकसहित शीर्षस्थानमा रहँदै फाइनलमा पुगेको छ । दोस्रो भएको नेपालको ४ अंक छ । बराबरीपछि नामिबियाको ३ अंक मात्र भयो । त्रिवि क्रिकेट मैदानमा आइतबार नेदरल्याण्ड्सविरुद्ध टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नामिबिया १५ ओभरमा ९८-४ को अवस्थामा वर्षाको कारण खेल रोकिएको थियो । केहि समयमा वर्षा रोकिए पछि कभर हटाउन खोजिएको थियो । तर पुन वर्षा भएपछि खेल रद्द भएको हो । नेदरल्यान्ड्सका कप्तान स्कट एडवार्ड्स र नामिवियाका कप्तान जेजे स्मिथलाई बोलाएर म्याच खेल नहुने जनाएका हुन् । दुबै टोलीका कप्तान र प्रशिक्षक हात मिलाएर फर्किएका छन् । खेल नहुने भएपछि दुबै टोलीका खेलाडीले ड्रेसिङ रुममा हात मिलाएका छन् । नेपाल पहिलो खेलमा नामिबियासँग २० रन र दोस्रो खेलमा नेदरल्यान्ड्ससँग २ रनले हारेको थियो । तर आफ्नो तेस्रो खेलमा नेपालले नामिबियालाई ३ रन र नेदरल्यान्ड्सलाई ६ विकेटले हराउँदै फाइनलमा स्थान पक्का गरेको हो । फाइनल मंगलबार हुनेछ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# पहिलो दिनमै नेप्से घट्यो, कारोबार खुम्चियो



**पाल्पा,** फागुन २०/साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दोहोरो अंकले घटेको छ । आइतबार नेप्से परिसूचक ११ दशमलव ७८ अंकले घटेको हो ।

नेप्से घटेसँगै एक हजार नौ सय ६० दशमलव ३० को बिन्दुमा कायम भएको छ । सो अवधिमा तीन सय नौ कम्पनीको ५५ लाख ७४ हजार दुई सय सात कित्ता ४५ हजार चार सय ४२ पटक खरिदबिक्री हुँदा दुई अर्ब आठ करोड २७ लाख ८६ हजार ८९ बराबरको कारोबार भएको छ । कारोबार रकम अघिल्लो दिनको तुलनामा खुम्चिएको हो । गत बिहीबार २ अर्ब ५९ करोड ८७ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो । होटल तथा पर्यटन समूह शून्य दशमलव ५४ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ६६ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै व्यापार समूह दुई दशमलव ५२ र अन्य समूह एक दशमलव शून्य २ प्रतिशतले घटेको छ । कारोबारपछि शेयर मूल्य बढेका कम्पनीहरुमा सबैभन्दा धेरै ग्लोबल आइएमइ लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर नौ दशमलव ७० र एनआईसी एसिया ग्रोथ फन्ड-२ को शेयर मूल्य आठ दशमलव ४५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने चिर्खुवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ४९ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एण्ड आयल लिमिटेडको १३ करोड २० लाख ४९ हजार पाँच सय ४० बराबरको दुई लाख ९२ हजार तीन सय २६ कित्ता शेयर कारोबार भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई